फोन नं. ४२००२९८, ४२००३१५
फ्याक्स नं ४२००३३६

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार काठमाडौं
(नगरपालिका योजना तथा व्यवस्थापन शाखा क)

प.सं. २०७३/७४
च.नं. ५.२. ३६९

मितिः २०७३/८/१३

**विषय : पक्की सडक/पक्की नाला/पक्की ढल निर्माण सम्बन्धमा ।**

**श्री काठमाडौं महानगरपालिका कार्यालय,**
**श्री उपमहानगरपालिका कार्यालयहरु १२**
**श्री नगरपालिका कार्यालयहरु २०४**

चालु आर्थिक बर्ष २०७३/७४ मा नगरपालिका अनुदान शीर्षक अन्तरगत पक्कि सडक/पक्कि नाला/पक्कि ढलका ठूला पूर्वाधार निर्माणका लागि रु. ९२ लाख १६ हजारका दरले रकम उपलब्ध गराइएको व्यहोरा विदितै छ । सो रकम खर्च गर्दा अख्तियारी साथ पठाइएका शर्तहरु बाहेक सूचना प्रकाशन भइ ठेक्का मूल्यांकनको प्रक्रियामा गइसकेको बाहेकमा देहाय बमोजिमका शर्तहरु पालना गरी रकम खर्च गर्नुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३/८/१२ को निर्णयानुसार अनुरोध छ ।

देहाय

१) MTMP तयार भएका नगरपालिकाहरुको MTMP को Class A अन्तरगत पहिलो प्राथमिकता प्राप्त सडक छनौट गर्नुपर्ने र MTMP तयार नभएको हकमा नगरपालिकाको पहिलो प्राथमिकता प्राप्त सडक छनौट गर्नुपर्नेछ ।
२) सडक Design गर्दा नगरस्तरीय सडकको मापदण्ड बमोजिम हुनुपर्नेछ ।
३) सडक Design गर्दा Road side Furniture, सडक पेटी, सडक बत्ती, ढल, Traffic Sign सम्पूर्ण पक्ष समावेश गर्नुपर्नेछ ।
४) सडक निर्माण गर्दा सडक सर्फेस Design अनुसार कम्तीमा ४०mm मोटाइको अस्फाल्ट कंक्रिट वा RCC हुनुपर्नेछ ।
५) सडक निर्माण पश्चात् नगरबासीमा उक्त सडक नमूनाको रुपमा लिने किसिमले निर्माणको सम्पूर्ण पक्षहरुमा ध्यान दिनुपर्नेछ ।
६) आगामी आ.ब. मा नगरस्तरीय सडक निर्माण गर्न, Project Design गर्न सहयोग पुग्ने किसिमबाट निर्माण कार्य अगाडि बढाउनुपर्नेछ ।
७) सडकका बिभिन्न ६ वटा नमूना डिजाइनका ढाँचाहरु यसैसाथ संलग्न छन् । नगरपालिकाहरुले संलग्न डिजाइन मध्ये उपयुक्त डिजाइन छनौट गरी निर्माण गर्नुपर्नेछ ।

०७३।८।१३
तुल्सीराम मरासिनी
शाखा अधिकृत

बोधार्थः
**श्री सूचना तथा विद्युतीय शासन शाखा :** यो पत्र मन्त्रालयको Website मा राखिदिनुहुन ।




TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 1)




## TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 2)




# TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 3)




# TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 4)




# TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 5)




## TYPICAL CROSS SECTION OF MODEL MUNICIPAL ROAD (Option 6)